माण्डवी गाउँपालिकाद्वारा आव २०८२/०८३ को तेस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरुक तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारी

# सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन




## आयोजक

माण्डवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय जस्पुर,प्युठान

### प्रतिवेदक

श्री स्काइल्याण्ड मल्टिमिडिया प्रा.ली.

प्यूठान नगरपालिका-४ विजुवार प्यूठान

भाद्र /१८ /२०८३

विषयसूची

१. परिचय
१.१पृष्ठभुमी
१.२कार्यक्रमको उद्धेश्य
१.३कार्यक्रमको संक्षिप्त जानकारी
१.४कार्यक्रम विवरण
१.५जवाफदेही वक्ताहरु
१.६अतिथि तथा संचारकर्मीहरु
२.नतिजाहरु
२.१वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण
३. प्रारम्भिक चरण
(क)समन्वयात्मक बैठक
(ख)सहजकर्ताको छनौट तथा समन्वय
(ग)ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन
(घ)बहिर्गमन अभिमत संचालन
(ङ)नागरीक प्रतिवेदन पत्र
(च)सार्वजनिक सुनुवाईको प्रचार प्रसार
४.कार्यान्वयन चरण
५.सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ
६.सार्वजनिक प्रतिवद्धता
७.कार्यक्रमको सवल पक्षहरु
८.सुधार गर्नुपर्ने पक्षहरु
९.समस्याहरु
१०निष्कर्ष

# माण्डवी गाउँपालिकाको कार्यालय जस्पुर, प्युठान

आर्थिक वर्ष २०८२/०८३ को तेस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन-------

१.परिचय

**२.कार्यक्रमको परिचयः**

सार्वजनिक निकायले दिने सेवाको बारेमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गरिन्छ । नागरिकलाई सार्वजनिक निकायले गरेका गतिविधिहरुको बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्वन्धि ऐन– २०६४ र नियमावली– २०६५ ले गरेको छ । सुशासन (संचालन तथा ब्यवस्थापक) सम्बन्धि ऐन– २०६४ तथा नियमावली– २०६५ ले पनि हरेक सार्वजनिक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको बारेमा नागरिकहरुलाई सू– सूचित गराउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी ब्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन– २०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने ब्यवस्था रहेको छ भने नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि– २०६७ तयार गरी कार्यान्वयन गरिरहेको छ । आफूले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासो तथा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने उद्देश्यले सार्वजनिक सुनुवाइ संचालन गरिएको थियो। माण्डवी गाउँपालिका– ५ रम्दी वडा कार्यालय परिषरमा २०८३ भदौ १८ गतेबिहिबारका दिन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएको थियो।

**१.२.कार्यक्रमको उद्देश्यः**

- माण्डवी गाउँपालिकाका तथा वडा कार्यालयहरुको काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने ।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**१.३. कार्यक्रमको संक्षिप्त जानकारी**

सार्वजनिक सुनवाई संयोजन गर्ने व्यक्तिको

**नामः लव कुमार अधिकारी**

**ठेगानाःसञ्चालक, स्काइल्याण्ड मल्टीमिडिया प्रा.ली., प्यूठान**

सार्वजनिक सुनुवाईको विषयः माण्डवी गाउँपालिकाद्वारा आ.व २०८२/०८३ को तेस्रो चौमासिक अवधिमा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

कार्यक्रम आयोजकः माण्डवी गाउँपालिकाको कार्यालय जस्पुर,प्यूठान

१.४ कार्यक्रम विवरण

- मितिः १८ भदौ २०८३ (बिहिबार)
- स्थानः माण्डवी गाउँपालिका– ५ रम्दी स्थित वडाकार्यालय परिसर
- समयः दिनको १२:०० बजे देखि ४:३० सम्म (४ घण्टा ३० मिनेट)

१.५. जवाफदेही वक्ताहरु

- माण्डवी गाउँपालिकाको अध्यक्ष श्री नमराज अधिकारी (रोशन)
- माण्डवी गाउँपालिकाको उपाध्यक्ष श्री पूर्ण प्रसाद कालाथोकी
- माण्डवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री भीमकान्त भण्डारी
- माण्डवी गाउँपालिकाको -१ का वडा अध्यक्ष श्री बाम बहदुर बुढा
- माण्डवी गाउँपालिकाको -२ का वडा अध्यक्ष श्री प्रकाश वली
- माण्डवी गाउँपालिकाको -३ का वडा अध्यक्ष श्री धनेन्द्र कार्की
- माण्डवी गाउँपालिकाको -४ का वडा अध्यक्ष श्री दिल बहादुर थापा
- स्वर्गद्वारी नगरपालिकाको- ५ का वडा अध्यक्ष श्री दुर्गा आचार्य

**शाखा प्रमुखहरु**

- योजना शाखा प्रमुख श्री ई.लोकराज थापा
- शिक्षा शाखा प्रमुख श्री तुल्सा कार्की
- स्वास्थ्य शाखा प्रमुख श्री धुर्व पोख्रेल
- लेखा अधिकृत श्री माधव के.सी
- महिला तथा बालबालिका शाखा प्रमुख श्री दाम कार्की
- सूचना तथा प्रविधि शाखा श्री अनिल अधिकारी
- रोजगार संयोजक श्री समिक्षा पौडेल
- कृषि शाखा प्रमुख सनत केसी
- पशु शाखा प्रमुख जिता खत्री

१.६.अतिथि तथा संचारकर्मीहरु

- सुदन पोखेल स्पेश टेलिभिजन
- राधिका भुसाल, दैनिक लुम्बिनी पत्रिका
- पालिकाको राजनैतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि,पालिकाका सरोकारवाला

## २. नतिजाहरु

२.१.वहिर्गमन अभिमत तथा नागरीक प्रतिवेदन पत्रमा सहभागीहरुको विवरण

वहिर्गमन अभिमतका लागि छनोट भएका ७५ जना मध्ये ३५ पुरुष र ४० महिलाहरु थिए। त्यसै गरी नागरीक प्रतिवेदन पत्रमा सहभागी हुनेहरुमध्ये ७५ जना २७ पुरुष तथा ४८ जना महिला रहेका थिए ।

| दलित | | जनजाति | | ब्राम्हण ,क्षेत्री,नेवार | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| ८ | ७ | १३ | १८ | २० | १० | ४० | ३५ | ७५ |

२.२. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

| दलित | | जनजाति | | ब्राम्हण ,क्षेत्री,अन्य | | कुल उपस्थिति संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| १४ | ९ | १९ | ३५ | ७ | ३९ | ४० | ८३ | |

(सहभागीहरुको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।)

## संचालन प्रक्रिया

३. प्रारम्भिक चरण

### क) समन्वयात्मक बैठक

माण्डवी गाउँपालिकाको आ.व २०८२/०८३ को तेस्रो चौमासिक अवधिसम्म संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी(रोशन), उपाध्यक्ष पूर्ण प्रसाद कालाथोकी , प्रमुख प्रशासकीय अधिकृत श्री भुवन कुमार शाही र स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.का अध्यक्ष एवम् संयोजक श्री लव कुमार अधिकारीले भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो।२०८३ भदौ १८ गते माण्डवी गाउँपालिकाका –५ स्थित वडा कार्यालय पारिसरमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो।

### ख) सहजकर्ताको छनौट तथा समन्वय

माण्डवी गाउँपालिकाको कार्यालय प्यूठानले आयोजना गरेको नगर स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाले कार्यालयले ब्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो।माण्डवी गाउँपालिकाका सहजीकरणको सम्पूर्ण जिम्मेवारी स्काइ ल्याण्ड मल्टीमिडिया प्रा.ली.का अध्यक्ष एवम् संयोजक श्री लव कुमार अधिकारीलाई दिइएको थियो।पालिकाले सार्वजनिक सुनुवाईमा उपस्थितिको लागि २०८२ भदौ ११ गते सार्वजनिक सूचना जारी गरी माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी (रोशन)उपाध्यक्ष पूर्ण प्रसाद कालाथोकी प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचारमाध्यमहरुसंग नियमित सम्पर्क तथा समन्वय गरेको थियो ।

### ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन




स्थानीय तहले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के के र कस्ता खालका छन्? ती कसरी उपलव्ध गराउने गरिएको छ?सेवा प्रवाह गर्न लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन्? यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन– २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्धारा गरिएको थियो ।

## घ) बहिर्गमन अभिमत संचालन

सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ। यस सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपूर्व माण्डवी गाउँपालिकाले बहिर्गमन अभिमत ,नागरिक प्रतिवेदन पत्र वा कुनै नागरिकको मत लिने कार्यहरु संचालन गरेको छ ।

बहिर्गमन अभिमतबाट पाएको नतिजा

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १ | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | | ५० | १५ | १० |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | | ४५ | २५ | ५ |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
| | | ६० | १० | ५ |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| | | ६० | १० | ५ |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| | | ५० | २० | ५ |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो(छोटो) | ठिकै | लामो र झन्झटिलो |
| | | ५० | २० | ५ |

## ङ) नागरीक प्रतिवेदन पत्र

नागरीक प्रतिवेदन फारामको प्रयोग गरी माण्डवी गाउँपालिकाका ७५ जना सेवाग्राहीबाट सूचना संकलन गरिएको थियो। नागरीक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो। संकलित सूचनाको विश्लेषणलाई सार्वजनिकसुनुवाईमा प्रस्तुत गरिएको थियो। नागरीक प्रतिवेदनमा भाग लिएका सम्पूर्ण उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो।

| सि नं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|---|
| १ | सेवाको सन्तुष्टि | तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ५५ | १५ | १० |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ६५ | ५ | ५ |
| २ | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठिकै | असन्तुष्ट |
| | | | ४८ | २२ | ५ |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ७० | ३ | २ |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | भन्न चाहन्न | एकदमै कम |
| | | | ७५ | - | - |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | ६५ | ८ | २ |
| ३ | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ६३ | १३ | ५ |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीकै | गरेको छैन, विश्वास छैन |
| | | | ४५ | १५ | १५ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | ६४ | ५ | ५ |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | छ | छैन | अलिअलि छ |
| | | | ४० | १५ | २० |
| ४ | सेवाको गुणस्तर | यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ५५ | १५ | ५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | ठूलाबडाको | मध्यस्थकर्ताको |
| | | | ७० | २ | ३ |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पऱ्या ? | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | ७० | ३ | २ |
| ५ | सेवा सम्बन्धी जानकारी | कार्यालयको भौतिक अवस्था कस्तो छ ? | ऋति राम्रो | ठीकै | नराम्रो |
| | | | ७० | ३ | २ |
| | | कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | ६० | १० | ५ |
| | | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | राम्रो | ठीकै | नराम्रो |
| | | | ६८ | २ | ५ |
| | | सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | | ४७ | १३ | १५ |
| | | परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठिकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | | ६७ | ३ | ५ |
| ६ | नागरीक बडापत्र / उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरीक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै | कम | गरेका छैनन |
| | | | ४८ | १२ | १५ |
| | | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | | ६१ | १२ | २ |
| | | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | | ३७ | १३ | २५ |

**(च) सार्वजनिक सुनुवाईको प्रचार प्रसार**

माण्डवी गाउँपालिकाको आ.व २०८२/०८३ को तेस्रो चौमासिक अवधिमा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले स्वर्गद्वारी अपडेट अनलाइन र ऐरावती अपडेटको आधिकारिक फेसबुक पेज र रेडियो स्वर्गभुमि एफ.एम मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो।

माण्डवी गाउँपालिकाद्वारा कार्यालयको आधिकारिक फेसबुक पेज र कार्यालय परिसर कार्यक्रम हुने स्थल, गाउँपालिकाको सूचना पार्टीमा प्रिन्ट गरी टाँस गरिएको थियो ।

## ४. कार्यान्वयन चरण

माण्डवी गाउँपालिकाको आयोजनामा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो। सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो। त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो। स्काइल्याण्ड मल्टीमिडिया प्रा.ली.को तर्फबाट सहजकर्ता श्री सुदन पोखेलले सार्वजनिक सुनुवाईको बारेमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो।
सार्वजनिक सुनुवाईमा माण्डवी गाउँपालिकाका वडा अध्यक्षहरुलाई निर्वाचित भएदेखि गरेका उल्लेखनीय ५ वटा कामहरु तथा चाहँदा चाहँदै गर्न नसकेको ५ वटा कामहरु बारेमा बताउन लगाइएको थियो। वडाअध्यक्षहरुले प्रस्तुतीकरणमा वडा कार्यालबाट सहज रुपमा सेवा दिएको, सडक, शिक्षा, स्वास्थ्य लगाएका क्षेत्रहरुमा प्रभावकारी रुपमा गरेको बताएका थिए। त्यसपछि नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो। त्यसैगरि पालिको प्रमुख प्रशासकीय अधिकृत श्री भुवन कुमार शाहीले आ.व २०८२/०८३ को तेस्रो चौमासिक अवधिसम्म पालिकामा भएको आय, व्यय तथा समग्र प्रगतीको अवस्थाको जानकारी बारेमा जानकारी गराउनु भएको थियो।
सार्वजनिक सुनुवाई संचालनको क्रममा उपस्थित नागरिकहरुलाई आफूले भोगेका, अनुभव गरेका तथा पालिकालाई अझै सक्षम र सम्बृद्ध बनाउनका लागि प्रश्न, जिज्ञासा तथा गुनासाहरु राख्न भनिएको थियो। आएका प्रश्नहरुको पालिकामा अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सहित सरोकारवाल र नागरिकहरुबीच हाक्काहक्की प्रश्नोत्तर गराइएको थियो ।
सार्वजनिक सुनुवाई उठेका सबालहरु सम्बोधन सहित सबैलाई धन्यवाद दिँदै माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी(रोशन) ले  समापन गर्नु भएको थियो ।

**५) सहभागीहरुले राखेका जिज्ञासा, प्रतिकृया तथा त्यसको जवाफ**

सार्वजनिक सुनुवाइमा मुख्य रुपमा आएका प्रश्नहरु र तिनका उत्तरहरु निम्नाअनुसार रहेका छन्:

| क.स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्नहरु | जवाफदेहि वक्ता | जवाफ |
|---|---|---|---|---|
| १. | हेमराज अधिकारी माण्डवी गाउँपालिका -२ रातापानी | -सडक मापदण्ड बिपरित बनेका संरचनाहरु के गर्ने ?<br>-माण्डवी आधारभूत अस्पतालमा भएको एक्सरे मेसिन किन संचालनमा आएन ?<br>-पाठ्यपुस्तक कहिले सम्म छपाई हुन्छ ?<br>-बिद्युतको भोल्टेज कम आउछ यसको समस्याको सामधान कहिले हुन्छ ?<br>-जग्गापास सँग सम्बन्धी समस्या कहिले सामाधान हुन्छ? | अध्यक्ष नमराज अधिकारी | -सडक डिभिजन कार्यालय सँग समन्वय भईरहेको छ<br>-कर्मचारीको आभाव छ तत्काल संचालन अवस्थामा ल्याउने<br>-ठेक्का प्रकिय्रामा गएर छिट्टै छपाई गर्ने<br>-बिबिस सँग समन्वय गरि समस्याको समाधन गर्ने<br>-मालपोत संग समन्यव गरि समस्याको समाधन गर्ने |
| २ | रामचन्द्र पौडेल माण्डवी गाउँपालिका -३ देवीस्थान | -मुख्य सडकको लागत कट्टा नगरेको हुँदा जनताले दोहोरो/ तेहोरो कर तिर्न बाध्य छन् कहिले सम्म तिर्ने ?<br>-फोहोर मैला व्यस्थापनमा पालिकाले किन ढिलाई गरेको हो?<br>-अनुदानमा दिएको सामाग्री व्यवसायिक प्रयोजनमा प्रयोग | अध्यक्ष नमराज अधिकारी | -सडक बिभाग सँग सम्बन्धित रहेको हुदाँ डिभिजन प्रमुखले जवाफ दिने<br>-फोहोर मैला व्यस्थापन गर्ने जग्गा प्राप्त नहुँदा यो समस्या आएको तत्काल समाधान गर्ने<br>-अनुगमन गर्ने<br>- |

| | | | | |
|---|---|---|---|---|
| | | गरियो किन ?<br>-पालिकाबासीले खानेपानीमा सुरक्षितरूपमा कहिले पिउने ?<br>-बंगुरपालन अनुदानमा दिई बंगुरको मल नदीमा मिसाउने समस्याको समाधान कहिले हुन्छ ? | | -तत्काल मुहान सफा गर्ने प्रक्रियामा<br><br>-यस आर्थिक वर्षमा बंगुरपालन अनुदान नदिएको |
| ३ | बोम सुनार माण्डवी गाउँपालिका -३ कुमालटार | बजेट पुस्तिका पालिकाको वेव साइटमा राखिएन ? | प्र.प्र.अ भुवन कुमार शाही | एक साता भित्र सबै सुचनाहरु वेब साइटमा राख्ने |
| ४ | हेमराज अधिकारी माण्डवी गाउँपालिका -५ | पाठ्यपुस्तक सामग्री कहिले छपाई हुन्छ किन ढिला | शिक्षा शाखा प्रमुख तुल्सी कार्की | पाठयक्रम परिमार्जित गर्नुपर्ने हुँदा ढिला भएको तत्काल छपाई गर्ने प्रक्रियामा रहेको |
| ५ | चित्र बहादुर के सी गाउँपालिका -३ जस्पुर | जस्पुर बजारमा रहेको सीस क्यामेरा किन चलेन | माण्डवी गाउँपालिका अध्यक्ष नमराज अधकारी | सडक मर्मत गर्दा निकालिएको क्यामेरा तत्काल जडान गर्ने |
| ६ | टोपाराम आचार्य माण्डवी गाउँपालिका -५ रम्दी | बादर र बनियोलको समस्या कहिले समाधान गर्न सकिन्छ? पालिकाको को पहल के छ ? | कृषि शाखा प्रमुख सनत केसी - | -आगामी आर्थिक वर्षमा बन उपभोक्ता समिति टोल विकास समन्वय गरि फलफुल रोप्ने, केन्द्रीय सरकारले कार्यदल गठन गरेको छ त्यो अनुसार हामीले अनुसरण गर्ने |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | गिरराज पौडेल माण्डवी गाउँपालिका -३ देबिस्थान | एक घर एक धारा योजना कता पुग्यो | अध्यक्ष नमराज अधकारी | वडा २ र ३ मा एक घार एक धारा निर्माणकै क्रममा छ |
| ८. | दिपक थापा माण्डवी गाउँपालिका-१ | अतिक्रमण गरिएका जग्गा किन फिर्ता भएन | पालिकाले लागत तयार गरेको -पालिका भरिमा ११३घर धुरी सार्वजनिक जग्गामा बनेको हुँदा केन्द्रसरकारको नियम बमोझिम कार्वान्वयन गर्ने | |

नोट – धेरै गुनासो तथा समस्याहरु सम्बोधन भएको केहि प्रश्न हरु दोहोरिएका थिए ।

**६. सार्वजनिक प्रतिवद्धता**

सार्वजनिक सुनवाइमा कुनै सार्वजनिक प्रतिवद्धताहरु भएनन् ।

**७.कार्यक्रमको सवल पक्षहरु**

- स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु, संचारकर्मीहरुको सहभागीतामा संचालन गरिएको ।
- माण्डवी गाउँपालिकाको भौतिक र बित्तीय प्रगती प्रस्तुत गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझावहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिईएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन भएको ।
- जनप्रतिनिधिहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- नागरिकको सहभागीता बृद्धिको लागि सार्वजनिक सुनुवाईको ठूला फ्लाक्सीट बनाई वडा कार्यालयमा टाँस गरिएको ।

## ८. सुधार गर्नुपर्ने पक्षहरु

- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न नागरिक प्रतिवेदन पत्र वा बहिर्गमन अभिमत वा नागरिक अभिमत समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- समय पर्याप्त राखी कार्यक्रमको प्रचार प्रशारमा ध्यान दिनु पर्ने ।
- वडा अध्यक्ष सहित गाउँ सभाका सबै जनप्रतिनिधिहरुलाई अनिवार्य सहभागी गराउनु पर्ने ।
- पर्चा पम्प्लेट तयार गरी वडा तथा बस्ती स्तर सम्म प्रचार प्रसार गर्न सके प्रभावकारी हुने ।
- वडा स्तरमा समेत सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।

## ९.समस्याहरु

- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु गर्न नसकिएको ।
- जवाफदेहि वक्ता तथा अतिथिहरु धेरै रहेकाले कार्यक्रम लामो समयसम्म संचालन हुँदा टाढाका सहभागीहरुलाई आउन जान समस्या भएको ।

## १०.निष्कर्ष

माण्डवी गाउँपालिकाले गरेको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको सार्वजनिक सुनुवाई प्रभावकारी रहेको थियो । माण्डवी गाउँपालिकाको आयोजनामा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले खानेपानीको समस्या, पर्यटन क्षेत्रको प्रबर्द्धन, संरक्षण र विकास, सडक निर्माण, कृषि कार्यक्रम, पञ्च बर्षिय रणनीतिक योजनाको सार्वजनिक, खेलकुद, लगाएतका विषयमा प्रश्न तथा सुझाव दिएका थिए ।

माण्डवी गाउँपालिकाको पालिका स्तरीय राजनैतिक दलका प्रतिनिधिहरु, संचारकर्मीहरु तथा जन निर्वाचित प्रतिनिधिहरुको उपस्थितिमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा स्थानीय नागरिकहरुको उल्लेख्य सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । प्रश्नकर्ता नागरिकहरुले राज्यले सरकारी क्षेत्रमा लगानी गर्ने तर राम्रो प्रतिफल नआइरहेको सन्दर्भमा विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समेत प्रभावकारी कार्यहरु गर्नुपर्ने बताएका थिए । कार्यविधिले ब्यवस्था गरे अनरुप नियमित रुपमा सार्वजनिक सुनुवाई गर्न सके विकास निर्माणमा पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । माण्डवी गाउँपालिकाले अध्यक्ष,उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु सहितको सहभागीता रहेबाट पनि सार्वजनिक सुनुवाई फलदायी भएको देखिन्छ । माण्डवी गाउँपालिकाले जिम्मेवार प्रतिनिधि सहित संचारमाध्यमहरुलाई समेत वडा तथा गाउँपालिकाको केन्द्रमा उपस्थिति गराई सार्वजनिक नियमित गर्न सके सार्वजनिक सुनुवाईको प्रभावकारीता अझै बढ्ने देखिन्छ ।

**समाप्त**

**अनुसूचीहरु**

अनुसूची १ कार्यक्रमको उपस्थिति तथा माइन्युट

अनुसूची २ : कार्यक्रम सम्बन्धीसार्वजनिक सूचना तथा समाचार

अनुसूची ३ : कार्यक्रमका झलकहरु

**अनुसुचिहरु**

अनुसुचि -१ कार्यक्रमको उपस्थिति तथा माइन्युट

आज मिति २०८२ साल भाद्र महिनाको १८ गतेका दिन माण्डवी गाउँपालिका वडा नं. ५ को परिसरमा माण्डवी गाउँपालिका अध्यक्ष श्री नमराज अधिकारीज्यूको अध्यक्षतामा यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम निम्नबमोजिम गरी सम्पन्न गरियो। जसमा तपसिल बमोजिमको उपस्थिति रहयो।

तपसिल:

१. श्री नमराज अधिकारी - अध्यक्ष - माण्डवी गाउँपालिका प्युठान।
२. श्री पूर्ण प्रसाद कालाखोती - उपाध्यक्ष - " " "
३. श्री भुवन कुमार शाही - प्रमुख प्रशासकीय अधिकृत " " "
४. श्री राम बहादुर बुढा - १ नं. वडा अध्यक्ष " " "
५. श्री प्रकाश बली - २ " " " " " "
६. श्री धनेन्द्र कार्की - ३ " " " " " "
७. श्री डिल बहादुर घर्तिमगर ४ " " " " "
८. श्री दुर्गा प्रसाद आचार्य - ५ " " " " "
९. श्री कमला खड्का - वडा सदस्य " " "
१०. श्री पूर्णबहादुर खड्का - " " " " "
११. श्री यम बहादुर पुन - " " " " "
१२. श्री दिपक सुनार - सिभिल इन्जिनियर - सब इन्जिनियर
१३ श्री बालिका खड्का
१४. श्री माधवा खड्का
१५. श्री लक्ष्मी जि.सी.
१६. श्री खेम ब. खड्का
१७. श्री हेमराज पुरी
१८. श्री ललित जंग मल्ल
१९. श्री ईश्वर आचार्य
२०. श्री शेषराम आचार्य
२१. श्री मोहन सुवेदी PEEDA/LOCAP/FC
२२. श्री रामचन्द्र पौडेल उपाध्यक्ष प्रगति उपभोक्ता संघ
२३ श्री शंकर बा. पौडेल
२४ श्री अर्जुन सिंह मल्ल इकाई संयोजक वडा नं.
२५. श्री कोम बहादुर सुनार
२६. श्री नविन ब. मल्ल
२७. श्री नरेश्वर लामाल
२८. श्री नर बहादुर चौधरी बेस सरस्वती...

२३. आपसाम थापा बेस संस्था
३० रेश्म मल्ल
३१. हेमराज अधिकारी — अध्यक्ष नेकपा (एमाले) माण्डवी गा.पा.
३१. गिर बहादुर नेपाली - ...
३२. मित्रमणि पौडेल - प्र.लो.अ. माण्डवी गा.पा.
३४. दाम बहादुर कार्की - परियोजना सहजकर्ता " "
३५ गिर बहादुर घर्ती - सामुदायिक विद्यालय (KLDS)
३६ शेर ब० बुढाथोकी - प्रहरी चौकी देविस्थान
३६ हरि नारायण ... - पुरकला पावर कम्पनी लि.
३८. सौजन डाँगी अस्थायी प्रहरी पोस्ट चक्चक्के (सल्यान)
३९. नारायण श्रेष्ठ प्रि.अ.ई.व.अ. माण्डवी गाउँपा०
४०. कमल योगी सब इन्जिनियर माण्डवी गा.पा.
४१. कक बहादुर अधिकारी माण्डवी गा.पा.
४२. समिक्षा पौडेल - रोजगार संयोजक - माण्डवी गा.पा
४३ सिता कुमारी ... पि.एम.पि. " "
४४ रमा अधिकारी सब इन्जिनियर माण्डवी गा.पा.
४५. तुलसी कार्की सहायक शिक्षा अधिकृत माण्डवी गाउँपालिका
४६ अनिल अधिकारी सूचना प्रविधि अधिकृत माण्डवी गा.पा
४७. विजय आचार्य सहायक प्रशासन माण्डवी गा.पा.
४८. विवेक अधिकारी वडा सचिव माण्डवी गा.पा-४
४९. सनत के.सी. कृषि स्नातक प्राविधिक मा.गा.पा.
५० बालाराम भण्डारी प.स्वा प्राविधिक
५१. माधव पौडेल ... स्वा.अ. माण्डवी गा.पा.
५२. ... ... ... ...
५३. कमल अधिकारी ना.प्र.ले.पा
५४. ... ... ...
५५ विशाल खड्का का.स.
५६ तुफान अधिकारी - माण्डवी गा.पा
५७ लोक राज थापा सब इन्जिनियर | खानेपानी ...
५८ माधव के.सी. स.लै.अ माण्डवी गा.पा.
५९. बलराम पौडेल बाल प्रशासकीय अधिकृत माण्डवी गा.पा.
६० खिम बहादुर घर्ती (MLS अपरेटर) माण्डवी गा०पा०
... राधिका ... (पत्रकार)

६१. लव कुमार अधिकारी — गण्डकी-३ — संञ्चारकर्मी
,, मुक्कोडिजान

६२. वासुदेव ढुंगाना

६३. आशिष पौडेल — गण्डकी-५ — सब-इन्जिनियर

६४. अनुपराज पाण्डे — ऐरावती-६ — संञ्चारकर्मी

६५. मदन मल्ल — गण्डकी-०५ — कार्यालय सहयोगी

६६. ईश्वर सिंह ठकुरी — [illegible] — जि.प्रा.प्र.कार्यालय प्युठान

६७. विष्णु प्रसाद न्यौपाने — [illegible] — जिल्ला प्रशासन प्युठान

अनुसूची -२ कार्यक्रमका झलकहरु




सार्वजनिक सुनुवाईमा माण्डवी गाउँपालिकाका अध्यक्ष नमराज अधिकारी (रोशन) ज्युद्वारा सेवाग्राही बाट उठेका प्रश्नहरुको जवाफ दिंदै ।



सार्वजनिक सुनुवाईमा माण्डवी गाउँपालिकाका उपाध्यक्ष पूर्ण प्रसाद कालाथोकी ज्युद्वारा सेवाग्राही बाट उठेका सवालहरुको जवाफ फर्काउदै



सार्वजनिक सुनुवाईमा माण्डवी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भुवन कुमार शाही ज्युद्धारा पालिकाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै।

सार्वजनिक सुनुवाईमा सहभागीहरु-







माण्डवी गाउँपालिकाका कृषि अधिकृत श्री सनत केसी ज्युद्वारा सेवाग्राही संग सवाल जवाफ फर्काउदै



माण्डवी गाउँपालिका शिक्षा शाखा प्रमुख तुल्सी कार्की ज्युद्वारा सेवाग्राहीको सवाल जवाफ फर्काउदै



स्थानीय टोपाराम आचार्य ज्युले जनप्रतिनिधि सँग सवालको जवाफ माग्दै



स्थानीय रेसम मल्ल ज्युले जनप्रतिनिधि सँग सवालको जवाफ माग्दै



स्थानीय द्वारा वडा -५ स्थित रम्दी मोटरबाटो मर्मतको समस्या जनप्रतिनिधि सँग राख्दै



रास्ट्रिय स्वतन्त्र पार्टीका माण्डवी गाउँपालिकाको सभापतिको बोम सुनार ज्यु द्वारा कार्यालयको सुचना तथा निर्माण गरिएका ऐनहरु पालिकाको वेव साइटमा राख्न सुझाव दिदै





माण्डवी गाउँपालिकामा विद्युत भोल्टेजको समस्या हुँदा सम्बन्धित संस्थाका प्रतिनिधी हरि श्रेष्ठ ज्युद्वारा सेवाग्राहीको  समस्याको जवाफ फर्कौदै





नेकपा एमाले माण्डवी गाउँपालिका अध्यक्ष हेमराज अधिकारी ज्यु द्वारा पालिकाले दिएका सेवा मध्ये ढिला सुस्ती तथा बिबिध समस्याको जनप्रतिनिधि /प्रमुख प्रसासकिय अधिकृत/शाखा प्रमुखहरु संग प्रश्नको जवाफ माग्दै





स्वास्थ्य शाखा उप प्रमुख नारायण केसी ज्यु द्वारा स्वास्थ्य सम्बन्धि प्रश्नको जवाफ फर्काउदै

माण्डवी गाउँपालिको आ.व २०८२/०८३  को तेस्रो चौमासीक सम्मको सार्वजनिक सुनुवाई कार्यक्रम संयोजन गरेको स्काई ल्याण्ड मल्टिमिडिया प्रा.ली



सेवाग्राहीले माण्डवी गाउँपालिकामा  सडक मर्मत/ मापदण्ड बिपरित निर्माण गरिएका संरचना सम्बन्धी र मुख्य सडकको नै कर तिरेको लागत कट्टा नभए लगायतका समस्याको जवाफ फर्काउदै सडक डिभिजन कार्यालय प्युठाँनका प्रमुख दिपक सुनार ज्यु -



## अनुसूची ३ -कार्यक्रम सम्बन्धीसार्वजनिक सुचना तथा समाचार

स्थानीय अनलाइन डिजीटल पत्रिका स्वर्गद्वारी अपडेटमा सुचना प्रकाशन




स्थानीय अनलाइन डिजीटल पत्रिका ऐरावती अपडेटमा सुचना प्रकाशन

